



राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily



रु. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक,
स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २७ ❑ अङ्क २५६ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८३ असोज १५ गते बिहीबार ❑ 1 Oct. 2026 ❑ पृष्ठ ४ ❑ मूल्य रु. ५।-


## मनाङमा तत्काल अत्यावश्यक काम गर्ने: मुख्यमन्त्री पाण्डे

पोखरापत्र संवाददाता
मनाङ, १४ असोज

गण्डकी प्रदेशका मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेले मनाङमा तत्काल अत्यावश्यक काम गर्ने बताउनुभएको छ।

बुधबार बाढीपहिरोबाट प्रभावित मनाङ जिल्लाको स्थलगत निरीक्षण गरी प्रभावित नागरिकको अवस्था, क्षति र तत्काल गर्नुपर्ने कामबारे जानकारी दिने क्रममा उहाँले सो धारणा राख्नुभएको हो।

चामे पुगुभएका मुख्यमन्त्री पाण्डेले बाढीपहिरोका कारण अवरूद्ध सडक, पुल, खानेपानी तथा अन्य पूर्वाधार शीघ्र सञ्चालनमा ल्याउने र प्रभावित नागरिकको जनजीवन सामान्य बनाउन आवश्यक कार्य तत्काल अघि बढाइने बताउनुभयो।

केही दिनअघि ठाडो र लमजुङ हिमालको बेसक्याम्पबाट बग्ने घट्टेखोलामा आएको बाढीपहिरोले मर्स्याङ्दी नदी थुनिएपछि त्रसित स्थानीयको गुनासो सुन्नुभएको हो। हाल पानी बगिरहेकाले



जोखिम कम देखिएको भए पनि खोलाको बगरमा थुप्रिएको गेग्रान र ठूला ढुङ्गाका कारण घरहरु जोखिममा परेका छन्। पक्की पुल पुरिएको छ। स्थानीयसँग प्रत्यक्ष भेटगरी उहाँका समस्या र आवश्यकता सुनेपछि मुख्यमन्त्री पाण्डेले सडक तथा यातायात सञ्चालन, खानेपानी, खाद्यान्न, आवास तथा क्षतिग्रस्त पूर्वाधार पुनर्निर्माणलगायत क्षतिको तथ्याङ्क माग राख्नुभएको छ।

उहाँले भन्नुभयो, "प्रदेश सरकारले सकेको सहयोग गर्छ। नदी खुलाएर स्थानीयको त्रास हटाउन आवश्यक छ।"

स्थानीय तह र प्रदेश सरकारको स्रोत तथा क्षमताले तत्काल गर्न सकिने अत्यावश्यक कामलाई प्राथमिकताका साथ अघि बढाउने र प्रदेशको स्रोतबाट सम्भव नहुने ठूला तथा दीर्घकालीन कामका लागि सङ्घीय सरकारसँग समन्वय गरिने मुख्यमन्त्री पाण्डेले बताउनुभयो।

"अहिलेको प्राथमिकता प्रभावित नागरिकको जीवन सहज बनाउने, अवरुद्ध सडक तथा पूर्वाधार सञ्चालन गर्ने र आवश्यक राहत तथा पुनःस्थापनाको व्यवस्था गर्ने हो", मुख्यमन्त्री पाण्डेले भन्नुभयो, "प्रदेश, स्थानीय तह, सुरक्षा निकाय र सम्बन्धित कार्यालयबीच समन्वय गरेर तत्काल गर्न सकिने काम अघि बढाउँछौँ र थप आवश्यक सहयोगका लागि सङ्घ सरकारसँग समन्वय गर्छौं।" चाडपर्वको समय नजिक रहेकाले स्थानीयको दैनिकी सहज बनाउन तत्काल गर्नुपर्ने कामलाई पहिलो प्राथमिकतामा राखिएको उहाँले बताउनुभयो।

बाढीपहिरोबाट भएको क्षतिको स्थलगत अवस्थाबारे जानकारी लिँदै मुख्यमन्त्री पाण्डेले विपद्का समयमा उद्धार, राहत, उपचार तथा पुनःस्थापनासँगै क्षतिग्रस्त संरचनाको पुनर्निर्माणलाई प्राथमिकतामा राखेर प्रदेश सरकार अघि बढिरहेको बताउनुभयो। यसअघि मङ्गलबार मुख्यमन्त्री पाण्डे बागलुङ, म्याग्दी, पर्वत जिल्लाको बाढी पहिरो प्रभावित क्षेत्रको अवलोकन गर्नुभएको थियो। विसं २०७८ जेठ १४ र असार १ गते मर्स्याङ्दीमा आएको बाढीले मनाङमा भौतिक क्षति पुर्‍याएको थियो।

## राष्ट्रसंघमा जलवायु न्यायसहितका मुद्दा बलियोसँग उठायौँ: मन्त्री खनाल

रासस
काठमाडौं, १४ असोज

परराष्ट्रमन्त्री शिशिर खनालले संयुक्त राष्ट्रसङ्घको ८१औँ महासभामा नेपालको सहभागिताले देशको हितका लागि महत्वपूर्ण उपलब्धि हासिल गरेको बताउनुभएको छ।

महासभाको बैठकमा भाग लिई स्वदेश फर्कनुभएका परराष्ट्रमन्त्री खनालले त्रिभुवन अन्तरराष्ट्रिय विमानस्थलमा सञ्चारकर्मीहरूसँग कुराकानी गर्नुहुँदै नेपालको कूटनीतिक छविलाई उच्च बनाउन र विश्व समुदायको ध्यानाकर्षण गराउन अहोरात्र खटिएको बताउनुभयो। उहाँले राष्ट्रसङ्घीय महासभाका क्रममा भएका विभिन्न बैठक, भेटघाट र छलफलमा नेपालका तर्फबाट प्रस्तुत सम्बोधन तथा भनाइप्रति विश्वसमुदाय सकारात्मक रहेको उल्लेख गर्नुभयो।

परराष्ट्रमन्त्री खनालले भन्नुभयो, "संयुक्त राष्ट्रसङ्घ



महासभाको ८१औँ सत्रको क्रममा प्रधानमन्त्री बालेन्द्र शाहज्यूले महासभामा गर्नुभएको सम्बोधन तथा मैले विभिन्न द्विपक्षीय तथा बहुपक्षीय बैठकमा गरेको सहभागिता र छलफलबाट एकातर्फ नेपालको कूटनीतिक छवि उच्च भएको छ। नेपालको प्रस्तावप्रति विश्व समुदाय सकारात्मक देखिनु देशका लागि खुसीको विषय हो।"

मन्त्री खनालले महासभामा सहभागी हुनेक्रममा ३३ भन्दा बढी द्विपक्षीय भेटवार्ता भएको जानकारी दिनुहुँदै यसबाट नेपालको कूटनीतिक सम्बन्धलाई थप मजबुत बनाउन सहयोग पुग्ने विश्वास व्यक्त गर्नुभयो। आगामी दिनमा नेपालको कूटनीतिलाई थप सशक्त बनाई राष्ट्रहित प्रवर्द्धनमा ठोस योगदान पुर्‍याउन स्पष्ट आधारहरू तय भएको उहाँले बताउनुभयो।

परराष्ट्रमन्त्री खनालले यसपटकको महासभामा नेपालको तर्फबाट जलवायु न्यायसहितका मुद्दाहरू विश्वसामु


बाँकी अन्तिम पृष्ठमा ▶▶


## हिमलुङ हिमपहिरोमा थप तीन जनाको शव भेटियो

रासस
मनाङ, १४ असोज

मनाङको नार्पाभूमि गाउँपालिका-५ स्थित हिमलुङ हिमालमा गएको हिमपहिरोमा हराइरहेकामध्ये बुधबार थप तीन जनाको शव भेटिएको छ।

तीन जनाको शव भेटिएसँगै यही असोज ११ गते गएको हिमपहिरोमा परी ज्यान गुमाउने आरोहीको संख्या सात पुगेको सहायक प्रमुख जिल्ला अधिकारी कृष्णप्रसाद पौडेलले जानकारी दिनुभयो। उहाँका अनुसार गोर्खाको धार्चे गाउँपालिका-२ कर्वाँजाका ५८ वर्षीय आश गुरुङ, खोटाङको ऐंसेलु खर्क गाउँपालिका-३ का सुरज राई र रुकुमको हुकामका ५७ वर्षीय कमल बुढाको शव भेटिएको हो।

घटनास्थलमा अन्तराष्ट्रिय माउन्टेन गाइड (आइएफएमजीए) का पासाङ काजी शेर्पा र विक्रम कार्कीको नेतृत्वमा पाँच जना अनुभवी क्लाइम्बिङ गाइडको विशेष टोली उद्धारमा खटिएको सहायक प्रमुख जिल्ला अधिकारी पौडेलले जानकारी दिनुभयो। सोही टोलीले हिउँ पन्छाएर उनीहरुको शव निकालेको उहाँले बताउनुभयो।

यसअघि आइतबार र सोमबार खोजी गर्ने क्रममा वीरेन्द्र गुरुङ, घनश्याम राई, छेवी भोटे र पासाङ भोटेको शव भेटिएको थियो।

## पोखरामा अन्तर्राष्ट्रिय हवाई उडानका लागि साथ दिन महानगरको आह्वान

पोखरापत्र संवाददाता
पोखरा, १४ असोज

लामो समयको पहल, प्रयास र निरन्तर संवादपछि सुरु भएको पोखरा-दुबई नियमित अन्तर्राष्ट्रिय उडानलाई सफल बनाउन पोखरा महानगरपालिकाले कन्तीमा आगामी ३ देखि ४ महिना विशेष प्राथमिकताका साथ साथ दिन नागरिक तथा निजी क्षेत्रलाई आह्वान गरेको छ।

महानगरले पोखरा अन्तर्राष्ट्रिय विमानस्थलबाट सुरु भएको नियमित अन्तर्राष्ट्रिय उडानलाई केवल एउटा उडानका रूपमा नभई पोखरा र समग्र गण्डकी प्रदेशको अन्तर्राष्ट्रिय हवाई सम्पर्क विस्तार गर्ने महत्वपूर्ण अवसरका रूपमा लिन आग्रह गरेको हो। अहिले सुरु भएको उडानलाई नियमित र सफल बनाउन सकिएन भने आगामी दिनमा पोखरा अन्तर्राष्ट्रिय विमानस्थलबाट थप अन्तर्राष्ट्रिय उडान सञ्चालन तथा विस्तार गर्न चुनौती उत्पन्न हुन सक्ने मेयर धनराज आचार्यले आशंका व्यक्त गर्नु भएको छ। त्यसैले अहिलेको समय पोखरेली तथा गण्डकीवासीका लागि अवसरसँगै जिम्मेवारीको समयसमेत रहेको उनले जनाइन्। महानगरले सरकारका तीनै तह, निजी क्षेत्र, पर्यटन व्यवसायी, नागरिक समाज तथा आम यात्रुहरूलाई आ-आफ्नो क्षेत्रबाट आवश्यक सहयोग र पहल गर्न आग्रह गरेको छ।

महानगरले सुरुआती चरणमा आगामी ३ देखि ४ महिनालाई विशेष प्राथमिकताको समय मानेर पोखराबाट दुबई तथा दुबई हुँदै विभिन्न अन्तर्राष्ट्रिय गन्तव्यमा यात्रा गर्ने योजना बनाउन सबैलाई आग्रह गरेको छ। पोखरा मात्र नभई धौलागिरि, चितवन-भरतपुर, बुटवललगायत पोखरा हुँदै यात्रा गर्न सक्ने क्षेत्रका नागरिकलाई समेत सम्भव भएसम्म पोखरा अन्तर्राष्ट्रिय विमानस्थल प्रयोग गर्न महानगरले सामाजिक संजाल मार्फत मेयर आचार्यले अनुरोध गर्नु भएको छ। "तपाईं यात्रा गर्दै हुनुहुन्छ भने सम्भव भएसम्म पोखरा अन्तर्राष्ट्रिय विमानस्थलबाटै यात्रा गर्ने योजना बनाउनुहोस्। तपाईंको एउटा यात्राले पोखराको अन्तर्राष्ट्रिय हवाई सम्पर्कलाई निरन्तरता दिन सहयोग पुऱ्याउन सक्छ।" मेयर आचार्यले बताउनु भयो।

सम्बन्धित एयरलाइन्सबाट प्राप्त जानकारीअनुसार काठमाडौंको तुलनामा पोखराबाट दुबईका लागि हवाई भाडा सस्तो रहेको महानगरले उल्लेख गरेको छ। त्यसैले यात्रा तय गर्नुअघि सम्बन्धित एयरलाइन्स वा ट्राभल एजेन्सीमार्फत उडान तालिका, टिकटको मूल्य तथा उपलब्ध सेवाबारे जानकारी लिएर पोखराबाटै यात्रा गर्न महानगरले आग्रह गरेको छ। पोखराबाट अन्तर्राष्ट्रिय यात्रा गर्ने यात्रुलाई आवश्यक पर्ने भिसा, प्रहरी रिपोर्टलगायतका प्रक्रियामा सहजता प्रदान गर्न सम्बन्धित निकायसँग समन्वय र सहजीकरण भइरहेको महानगरले जनाएको छ। भारतीय नागरिकका लागि आवश्यक पर्ने सम्बन्धित कागजात पोखरामै उपलब्ध गराउन सकिएमा यात्रा थप सहज हुने भन्दै यस विषयमा सम्बन्धित दूतावाससँग


बाँकी अन्तिम पृष्ठमा ▶▶


## अध्यक्ष ओलीको आग्रह- सानातिना मतभेद बिर्सेर स्थानीय तहको निर्वाचन तयारीमा लागौँ

पोखरापत्र संवाददाता
पोखरा, १४ असोज

नेकपा (एमाले)का अध्यक्ष केपी शर्मा ओलीले पार्टीभित्रका सानातिना मतभेदलाई व्यवस्थापन गर्दै आगामी स्थानीय तहको निर्वाचनको तयारीमा जुट्न निर्देशन दिनुभएको छ।

गण्डकी, लुम्बिनी, कर्णाली र सुदूरपश्चिम प्रदेशका प्रदेश तथा जिल्ला कमिटीका सचिवालय सदस्यसँग आज भएको भर्चुअल सम्बोधनमा उहाँले आन्तरिक एकता थप सुदृढ बनाउँदै आगामी निर्वाचनको तयारीमा जुट्न निर्देशन दिनुभयो।

अध्यक्ष ओलीले पार्टीभित्र एकअर्काका सामान्य असहमति र आलोचनालाई सहज रूपमा लिनुपर्ने बताउनुभयो। "शत्रुका लात सहने, तर आफ्ना साथीका बात नसहने काम अब बन्द गरौँ। सानातिना असमझदारी छाडेर साझा सङ्कल्पका साथ एमाले एकजुट भई अघि बढ्नुपर्छ," उहाँले भन्नुभयो।

उहाँले एमालेभित्र कुनै समस्या नरहेको दाबी गर्नुभन्दा सङ्गठनलाई थप व्यवस्थित र सक्रिय बनाउँदै अघि बढ्नुपर्नेमा जोड दिनुभयो। विरोधीहरूले एमाले विभाजित हुने अपेक्षा गरे पनि पार्टी विचार र सङ्गठनका हिसाबले एकढिक्का रहेको उहाँको भनाइ थियो। अध्यक्ष ओलीले वर्तमान राजनीतिक परिस्थितिमा पार्टीले लोकतान्त्रिक अधिकारको रक्षा र आगामी निर्वाचनको तयारीलाई प्राथमिकतामा राख्नुपर्ने बताउनुभयो। उहाँले आगामी निर्वाचनमा केन्द्रित भएर सङ्गठन परिचालन गर्न कार्यकर्तालाई आग्रह गर्नुभयो।

एक निर्वाचनको परिणामबाट निराश हुनुपर्ने अवस्था नरहेको उल्लेख गर्दै उहाँले भारतकी पूर्वप्रधानमन्त्री इन्दिरा गान्धीको उदाहरणसमेत प्रस्तुत गर्नुभयो। "हामी एउटा मोर्चामा हारेका मात्र हौँ। सत्य हाम्रै पक्षमा छ, त्यसैले आत्मविश्वासका साथ अघि बढ्नुपर्छ," उहाँले भन्नुभयो।

अध्यक्ष ओलीले पार्टी विरुद्ध भ्रम फैलाउने प्रयास भइरहेको उल्लेख गर्दै सूचना प्रविधिको माध्यमबाट हुने राजनीतिक प्रचारमा पार्टीले पनि प्रभावकारी उपस्थिति देखाउनुपर्ने बताउनुभयो।

पार्टीले गरेका काम र उपलब्धिलाई जनतासम्म सही ढङ्गले पुऱ्याउन नेता-कार्यकर्ताले भूमिका खेल्नुपर्ने उहाँको भनाइ थियो। उहाँले कार्यकर्तालाई आ-आफ्नो कार्यक्षेत्रमा सक्रिय भएर सङ्गठन निर्माण, जनसम्बन्ध विस्तार र अनुशासनमा ध्यान दिन निर्देशन दिनुभयो।



# भुटानमाथि गण्डकीको लगातार दोस्रो जित, दोस्रो खेलमा ६४ रनले पराजित

**पोखरापत्र संवाददाता**
पोखरा, १४ असोज

पाहुना टोली भुटानको राष्ट्रिय क्रिकेट टोली माथि घरेलु टीम गण्डकी प्रदेशले लगातार दोस्रो जित हात पारेको छ । पोखरामा बुधबार भएको अभ्यास खेलको दोश्रो खेलमा पनि गण्डकीले भुटानलाई ६४ रनले पराजित गर्न सफल भएको हो ।

नेपाल भ्रमणमा रहेको भुटानी टोलीले पहिला टस जितेर बलिङ रोजेपछि गण्डकीले ब्याटिङ गरेको थियो । गण्डकीले निर्धारित २० ओभरमा ७ विकेट गुमाउँदै १९६ रनको बलियो योगफल तयार गरेको थियो । जवाफी ब्याटिङमा भुटानको टोली १७.४ ओभरमा १३२ रनमै सिमित भयो । गण्डकीको इनिङ्समा करन पगेनी र सिब्रिन श्रेष्ठले समान ४५ रनको योगदान दिनुभयो । सन्दीप खत्री क्षेत्रीले ३० रनको योगदान दिनुभयो । गण्डकीका लागि रोहित चन्दले ० रन तथा दीपकप्रसाद डुम्रेले १९ रनको योगदान दिनुभयो । बलिङतर्फ भुटानका थिन्ले जाम्सोले ४ विकेट लिनु भयो । नामगे थिन्लेले ३ विकेट तथा सोनाम येशे र गाकुल कुमार घलेले समान २-२ विकेट लिनु भएको थियो ।

१९७ रनको लक्ष्य पछ्याएको भुटानले सुरुवातदेखि नै नियमित अन्तरालमा विकेट गुमाउँदै गयो। गण्डकीका बलरहरूले दबाब कायम राखेपछि भुटानी टोली १७.४ ओभरमा १३२ रनमै समेटियो । गण्डकीका लागि विपिन खत्रीले ४ विकेट, दीपकप्रसाद डुम्रेले ३ विकेट तथा सिब्रिन श्रेष्ठले २ विकेट लिनु भयो । अलराउन्ड प्रदर्शन गरेका सिब्रिन श्रेष्ठ प्लेयर अफ द म्याच घोषित हुन सफल हुनु भयो । भुटानको टोली आईसीसी पुरुष टी-२० विश्वकप एसिया सब-रिजनल क्वालिफायर 'ए' को तयारीका लागि नेपाल भ्रमणमा आएको हो । प्रतियोगिताको तयारीस्वरूप भुटानले नेपालमा विभिन्न अभ्यास खेल खेलिरहेको छ ।

यसअघि गण्डकीसँगको खेलमा पराजित भएको भुटानले अब क्यान ११ विरुद्ध दुई अभ्यास खेल खेल्ने भएको गण्डकी प्रदेश क्रिकेट संघका अध्यक्ष संजायकान्त सिग्देलले बताउनु भयो । निर्धारित कार्यक्रमअनुसार ती खेलहरू बिहीबारदेखि सुरु हुनेछन् ।

# म्याग्दीलाई विपद् सङ्कटग्रस्त जिल्ला घोषणा गर्न सिफारिस

**पोखरापत्र संवाददाता**
म्याग्दी, १४ असोज

बाढी पहिरोबाट प्रभावित म्याग्दीलाई विपद् सङ्कटग्रस्त जिल्ला घोषणा गर्न सिफारिस गरिएको छ ।

जिल्ला विपद् व्यवस्थापन समितिको मङ्गलबार बसेको बैठकले विपद् सङ्कटग्रस्त जिल्ला घोषणा गर्न सिफारिस गर्ने निर्णय गरेको हो । विपद् सङ्कटग्रस्त जिल्ला घोषणा गरेर पुनर्निर्माण र पुनर्स्थापना कार्यलाई प्राथमिकता दिन गृहमन्त्रालयमा सिफारिस गरिएको प्रमुख जिल्ला अधिकारी गणेश गैरेले जानकारी दिनुभयो । यही असोज ८ देखि ११ गतेसम्मको निरन्तरको झरीपछिको बाढी र पहिरोले जिल्लामा ठूलो जनधनको क्षति पुर्‍याएको छ ।

विपद्मा परी सात जनाको ज्यान गएको छ । यस्तै, दुई जना बेपत्ता भएका छन् । सडक, विद्युत्, सिँचाइ, खानेपानी, भवनलगायत भौतिक संरचनामा ठूलो क्षति पुगेकाले म्याग्दीलाई विपद् सङ्कटग्रस्त जिल्ला घोषणाका लागि सिफारिस गरिएको उहाँले बताउनुभयो । यसैगरी, म्याग्दीमा बाढी पहिरोले भौतिक संरचना, निजी आवास, कृषि, पशुपक्षी क्षेत्रमा पुगेको क्षतिको विवरण सङ्कलन गर्न मङ्गलबारदेखि स्थानीय तहका जनप्रतिनिधि, कर्मचारी र सुरक्षाकर्मीको टोली परिचालन भएका छन् ।

सहायक प्रमुख जिल्ला अधिकारी कुलप्रसाद आचार्यले उद्धार र राहतसँगै छ वटै पालिकामा क्षति विवरण सङ्कलन कार्य सुरु भएको जानकारी दिनुभयो । उहाँका अनुसार हालसम्म प्राप्त विवरणअनुसार बाढी पहिरोले बेनी नगरपालिकामा २३, रघुगङ्गा गाउँपालिकामा तीन, मङ्गलामा १८, मालिकामा एक, अन्नपूर्णामा दुई र धवलागिरिमा एक घर पूर्ण क्षति भएको विवरण प्राप्त भएको छ । बेनी नगरपालिकामा नौ र मालिका गाउँपालिकामा एक घरमा आंशिक क्षति पुगेको छ ।

बेनीमा २३, रघुगङ्गामा ४७, मङ्गलामा चार, मालिकामा तीन र धवलागिरिमा २३ घर जोखिममा परेका छन् । बेनीमा २१, रघुगङ्गामा २६, मङ्गलामा आठ, अन्नपूर्णमा एक वटा गोठ तथा जिल्लाभर २० वटा पशुधनको क्षति भएको विवरण सङ्कलन भएको छ । पहिरोले गाउँ घेरिएपछि फसेका अन्नपूर्ण गाउँपालिका-५ पाउद्वार, गिवाङ, नेपाने, किन्दु, धोस्केखोर, घिरबाङका १०९ जनालाई हेलिकप्टरमार्फत उद्धार गरेर शिख र घारमा अस्थायी शिविर बनाएर राखिएको छ ।

विपद्पछि उद्धार कार्यमा ७० नेपाली सेना, २५१ नेपाल प्रहरी र ६० जना सशस्त्र प्रहरी बलका सुरक्षाकर्मी परिचालन भएका छन् । बाढी र पहिरोका कारण म्याग्दीको सदरमुकाम बेनीदेखि अन्य जिल्ला र ग्रामीण क्षेत्र जोड्ने सबै सडक अवरुद्ध छन् । सदरमुकाम बाहेकका क्षेत्रमा विद्युत् र सञ्चार सेवा अवरुद्ध भएको छ । जिल्ला सदरमुकाम बेनीमा खानेपानीको हाहाकार भएको छ ।

# कास्य पदक दिलाएको महिला कबड्डी टोली स्वदेश फिर्ता

**पोखरापत्र संवाददाता**
म्याग्दी, १४ असोज

जापानमा भएको २० औं एसियाली खेलकुद प्रतियोगितामा नेपाललाई कास्य पदक दिलाउने नेपाली राष्ट्रिय महिला कबड्डी टोली बुधबार स्वदेश फर्किएको छ ।

मानमती विष्टको कप्तानीमा रहेको नेपाली महिला कबड्डी टोलीलाई राष्ट्रिय खेलकुद परिषद् (राखेप) का सदस्य-सचिव रामचरित्र मेहता, शिक्षा तथा खेलकुदमन्त्रीका प्रमुख सल्लाहकार सिद्धि व्यञ्जनकार, राखेप सदस्यहरू सिक्का सुवाल श्रेष्ठ, ललिता नाथ, मोनालिसा खम्बुलगायतले त्रिभुवन विमानस्थलमा स्वागत गर्नुभयो ।

एसियाडमा समूह 'बी' मा रहेको नेपालले सेमिफाइनलसम्मको यात्रा तय गरेको थियो । जापानको तोकाइ सिटिजन व्यायामशालामा भएको सेमिफाइनल खेलमा भारतसँग पराजित भएसँगै नेपालले कास्य पदक प्राप्त गरेको थियो ।

सेमिफाइनल खेलमा भार तसँग नेपाल ४८-२४ अङ्कले पराजित भएको हो । त्यसअघि नेपालले समूह चरणको खेलमा थाइल्यान्डलाई हराएको थियो भने चाइनिज ताइपेइसँग पराजित भएको थियो । त्यसपछि अन्तिम खेलमा श्रीलङ्कालाई हराएर नेपाल सेमिफाइनलमा पुगेको थियो ।

यसअघि चीनको हाङफाउमा भएको १९औं एसियाली खेलकुद प्रतियोगितामा समेत नेपाली महिला कबड्डी टोलीले कास्य पदक प्राप्त गरेको थियो ।

# पोखरामा ...

समेत आवश्यक अनुरोध गरिएको महानगरको भनाइ छ ।

पोखराबाट दुबई जाने यात्रुको बुकिङ बढाउन तथा यात्रुलाई आवश्यक जानकारी र सहजीकरण उपलब्ध गराउने उद्देश्यले सम्बन्धित ट्राभल कम्पनीले पोखराको पुरानो विमानस्थल अगाडि विशेष डेस्क सञ्चालनमा ल्याएको छ । त्यसैगरी नेपाल एसोसिएसन अफ टुर एन्ड ट्राभल एजेन्ट्स (नाट्टा), गण्डकी प्रदेशले पनि पोखरा-दुबई उडानलाई लक्षित गर्दै यात्रुको टिकट, भिसा, प्रहरी रिपोर्ट तथा यात्रा प्याकेजलगायतका विषयमा सहजीकरण गर्न पोखरा-६, जरेबरस्थित कार्यालयमा डेडिकेटेड डेस्क र कर्मचारी व्यवस्थापन गरेको जनाएको छ । पोखरामा रहेका करिब दुई दर्जन टुर्स एन्ड ट्राभल्स कम्पनीले समेत टिकट, भिसा, प्रहरी रिपोर्ट तथा विभिन्न यात्रा प्याकेजका लागि यात्रुलाई आवश्यक सेवा तथा सहजीकरण गरिरहेका छन् । समूहगत तथा व्यावसायिक यात्राका लागि विशेष सहुलियतको व्यवस्था गर्न सम्बन्धित पक्षसँग अनुरोध गरिएको महानगरले जनाएको छ । महानगरले यात्रुलाई आफूलाई पायक पर्ने ट्राभल एजेन्सीमार्फत टिकट, भिसा, प्रहरी रिपोर्ट तथा प्याकेजका विषयमा आवश्यक जानकारी लिएर यात्रा योजना बनाउन सकिने जनाएको छ । "अहिले सुरु भएको नियमित अन्तर्राष्ट्रिय उडानलाई सफल र दिगो बनाउन हामी सबैले आ-आफ्नो ठाउँबाट योगदान गर्न आवश्यक छ," मेयर आचार्यले भन्नुभयो । फ्लाईदुबईले पोखरा दुबई, दुबई पोखरा सिधा हवाई उडान असोज ७ गतेदेखि गर्दै आएको छ । प्रतिकूल मौसमका कारण एक दिन भने फ्लाइट स्थगित गरेको थियो । १ सय ६६ सिटे उक्त जहाजमा हाल उत्साहजन सहभागिता यात्रुको सहभागिता रहेको पोखरा पर्यटन परिषदका पूर्व अध्यक्ष पोमनारायण श्रेष्ठले बताउनु भयो । केही महिना उक्त विमानलाई संचालन हुने र आशा हुने केही आधार दिन सके उक्त कम्पनीले केही बर्षको लागि नियमित उडानको उडान तालिका राख्ने उहाँले बताउनु भयो ।

# 'दोधारा-चाँदनी पुल सुदूरपश्चिम प्रदेशको धरोहर'

**रासस**
काठमाडौं, १४ असोज

सुदूरपश्चिम प्रदेशका मुख्यमन्त्री खगराज भट्टले कञ्चनपुरको दोधारा-चाँदनी झोलुङ्गे पुल सुदूरपश्चिम प्रदेशको ऐतिहासिक धरोहर भएको बताउनुभएको छ ।

महाकाली नदीमा रहेको दोधारा-चाँदनी झोलुङ्गे पुलको पिल्लर भत्किनुका साथै अन्य संरचनामा क्षति पुगेर आवागमन रोकिएपछि आज दिउँसो स्थलगत अनुगमनका क्रममा त्यहाँ पुग्नुभएका मुख्यमन्त्री भट्टले सिङ्गो प्रदेशको पर्यटकीय मेरुदण्डका रूपमा रहेको पुलप्रति अलपत्र पर्न नदिने प्रतिबद्धता व्यक्त गर्नुभयो ।

"यो हाम्रो स्वाभिमान र पहिचानको प्रतीक हो । दोधारा-चाँदनीको आर्थिक स्मृतिसित जोडिएको पनि छ", उहाँले भन्नुभयो, "पुल पुनर्निर्माणका लागि सङ्घ सरकार र प्रदेश सरकारबीच घनिभूत संवाद भइरहेको छ । यो पुल फेरि पनि गर्वको प्रतीक बनिरहोस् ।"

मुख्यमन्त्री भट्टले भत्किएको भागको पुनर्निर्माणका साथै प्राविधिक रूपले सुरुदेखि पुलको अन्तसम्मका सबै पिल्लर संरचना जाँच हुनुपर्नेमा जोड दिनुभयो ।

"यो पुलले व्यहोरेको पीडामा तपाईंहरूसित हामी एकाकार छौं", उहाँले भन्नुभयो, "सङ्घले पुनर्निर्माण गर्ने अवस्थामा प्रदेश सरकारले सबै प्रकारको वातावरण र सहयोग गर्नेछ । पुललाई जीवन्त राखेर अगाडि बढ्छौं ।" मुख्यमन्त्री भट्टसँगै अनुगमनमा सुदूरपश्चिम प्रदेशका पूर्वमुख्यमन्त्री राजेन्द्रसिंह रावल, प्रदेश भौतिक पूर्वाधार विकासमन्त्री ओमविक्रम भाट, उद्योग पर्यटन, वन तथा वातावरणमन्त्री प्रकाश रावल र आर्थिक मामिला राज्यमन्त्री जानकी बम ऐरलगायतको सहभागिता थियो ।

# बागलुङमा बाढीपहिरोमा परी ६१ घर गोठ बगे, ५१ घरमा आंशिक क्षति

**रासस**
बागलुङ, १४ असोज

यही असोज ९ गतेदेखि ११ गतेसम्म आएको अविरल वर्षाका कारण निसीखोला र तमानखोला बढी प्रभावित भएको छ ।

जिल्ला प्रशासन कार्यालयको तथ्याङ्कअनुसार बाढीपहिराले जिल्लामा ६१ घर/गोठ बगाएको छ भने ५१ घरमा आंशिक क्षति भएको छ ।

बागलुङका ५१ घर र १० गोठ बाढीले बगाएको छ । बाढीपहिरोका कारण १२ जनाको मृत्यु भएको छ भने एक जना अझै बेपत्ता छन् । दरमखोलाको कटानले गलकोट नगरपालिका-९ को वडा कार्यालय बगाएको छ । तीनवटा झोलुङ्गे पुल बगाएको र दुईवटा प्रहरी कार्यालयमा आंशिक क्षति भएको छ । प्रमुख जिल्ला अधिकारी कृष्णप्रसाद आचार्यका अनुसार बाढीपहिरोबाट दुईवटा जलविद्युत्मा आंशिक क्षति, एक विद्यालय, एक रिसोर्ट र एक कृषि फार्ममा क्षति पुगेको छ भने २५६ वटा पशुचौपाय क्षति भएको छ भने २१५ वटा कुखुरा मरेका छन् । निसीखोला-४ मा २० कच्ची र दुई पक्की घर पूर्ण रूपमा क्षतिग्रस्त भएका छन् भने ११ घर जोखिममा परेका छन् । पहिरोमा परी चारवटा गोठ पूर्ण रूपमा क्षतिग्रस्त भएका छन् भने एउटा गोठमा आंशिक क्षति पुगेको छ । निसीखोला, तमानखोला, बडिगाड, काठेखोला गाउँपालिका तथा ढोरपाटन, गलकोट र बागलुङ नगरपालिकाका विभिन्न क्षेत्रमा क्षति पुर्‍याएको प्रशासनले जनाएको छ । तमानखोला-३ धमास्कमा दुई घर पूर्ण रूपमा क्षतिग्रस्त भएका छन् । बडिगाड -९ खाल्लेचौरमा १६ घर पूर्ण र १४ घर आंशिक रूपमा क्षतिग्रस्त भएका छन् । वडा नं ८ भीमगिठेमा तीन घरमा आंशिक क्षति तथा दुई गोठमा क्षति पुगेको छ । ढोरपाटन -७ र १२ मा तीन घर पूर्ण र एक घरमा आंशिक क्षति पुगेको छ । तमानखोला-४ सन्तरमा आठ घर पूर्ण रूपमा क्षतिग्रस्त भएका छन् भने निसीखोला-१ मा तीन घरमा आंशिक क्षति पुगेको प्रमुख जिल्ला अधिकारी आचार्यले जानकारी दिनुभयो ।

यस्तै गलकोट -१ फैरसोतमा बाढीले दुई पक्की र तीन कच्ची घर, दुई होटल तथा रिसोर्ट र एक गोठ पूर्ण रूपमा क्षतिग्रस्त भएको छ । बागलुङ नगरपालिका-३ र ९ मा दुई घरमा आंशिक क्षति पुगेको छ । काठेखोला - १, २, ६ र ७ मा एक घर तथा चार गोठमा क्षति पुगेको छ । बाढीपहिरोमा मृत्यु हुनेमा ताराखोलाका तीन, निसीखोलाका पाँच र तमानखोलाका चार जना छन् । तमानखोलाको पहिरोमा एक महिला अझै बेपत्ता रहेको प्रहरी प्रमुख फणिन्द्र प्रसाईंले जानकारी दिनुभयो ।

यसैगरी बागलुङको निसीखोला गाउँपालिकाले विपद्बाट प्रभावित परिवारलाई राहत तथा आर्थिक सहयोग उपलब्ध गराएको छ । गाउँपालिकाभित्र मानवीय तथा भौतिक क्षति पुर्‍याएपछि गाउँपालिकाले तत्कालै नगद तथा खाद्यान्न राहत उपलब्ध गराएको निसीखोला गाउँपालिकाका अध्यक्ष सूर्यबहादुर घर्तीले जानकारी दिनुभयो ।

गाउँपालिकाले विपद् का कारण ज्यान गुमाएका व्यक्तिका परिवार, पूर्ण जोखिममा रहेका तथा जोखिममा रहेका परिवारलाई वर्गीकरण गरी आर्थिक सहयोग उपलब्ध गराएको हो । गाउँपालिकाका अनुसार मृतकका परिवारलाई प्रतिव्यक्ति रु ५० हजार, पूर्ण जोखिममा रहेका परिवारलाई रु ३० हजार र जोखिममा रहेका परिवारलाई रु १० हजारका दरले राहत उपलब्ध गराइएको छ । पाँच जना मृतकको परिवारलाई रु ५० हजारका नगद राहत उपलब्ध गराइएको थियो भने घरमा क्षति भएका २४ परिवारलाई रु ३० हजारका दरले र घरमा आंशिक क्षति भएका २१ परिवारलाई रु १० हजारका दरले सहयोग प्रदान गरिएको छ । निसीखोलामा बाढी तथा पहिरोका कारण पाँच जनाको मृत्यु भएको छ भने २४ घरमा पूर्ण क्षति भएको छ भने २१ जनाको घर उच्च जोखिममा रहेको छ । साथै चामल तथा त्रिपालसमेत प्रदान गरिएको छ ।

# मनाङमै अड्किए पर्यटक

**रासस**
मनाङ, १४ असोज

अन्नपूर्ण चक्रीय मार्गमा पर्यटक आउने याम सुरु भइसकेको छ ।

आइतबारदेखिको अविरल वर्षाले माथिल्लो मनाङमा हिमपात र तल्लो मनाङमा बाढीले मर्स्याङ्दी नदी थुनिएको छ । विपद्का पर्यटक मनाङमै बस्न बाध्य भएका छन् ।

मर्स्याङ्दी थुनिएपछि माथिल्लो मनाङ पुगेका पर्यटक उतै छन् भने तल्लो मनाङमा रहेका पर्यटक रोकिएको अन्नपूर्ण संरक्षण क्षेत्र (एक्याप) एकाइ मनाङका प्रमुख ढकबहादुर भुजेलले जानकारी दिनुभयो । उहाँका अनुसार अन्नपूर्ण पदमार्गअन्तर्गत थोराङ ला पास गर्ने पर्यटक पनि मनाङ नै फर्किएका छन् । "माथिल्लो मनाङ आइपुगेका २२६ विदेशी पर्यटकको दर्ता भएको छ भने ४४ जना फर्किएका छन्," प्रमुख भुजेलले भन्नुभयो, "करिब १५० बढी पर्यटक थोराङ्ला पास गर्ने पर्यटक हिउँ बाक्लो भएपछि फर्किएर मनाङ आइपुगेका छन् । मनाङ गाउँमा पर्यटक सुरक्षित छन् ।" थोराङ ला पास गर्ने पर्यटक मुस्ताङबाट हेलिप्टरमा फर्कन सक्ने भएकाले जान अनुमति दिएको छ ।

"बिरामी र प्रवेशाज्ञा सकिएका पर्यटक भने हेलिकप्टरमार्फत फर्किएका छन्," प्रमुख भुजेलले भन्नुभयो, "हिमपात भएको समयमा मनाङ गाउँमा पर्यटक खचाखच थिए । सञ्चार र विद्युत् नहुँदा सङ्ख्या यकिन गर्न सकिने अवस्था नरहेको उहाँको भनाइ छ । एक्यापका पर्यटन शिक्षा सहायक भूपेन्द्र गुरुङले धारापानी चेकपोष्टमा सेप्टेम्बर २२ देखि २८ तारिखसम्म ५९० विदेशी पर्यटकको दर्ता भएको जानकारी दिनुभयो ।

उहाँका अनुसार अविरल वर्षा र बाढीपहिरोका कारण १४६ पर्यटक फर्किएका छन् । "माथिल्लो मनाङ पुगेका पर्यटक माथि नै छन् भने चामेदेखि तल रहेका भने यहीं छन्", गुरुङले भन्नुभयो, "बाटोको ट्र्याक नै मर्स्याङ्दी नदीले कटान गरेपछि फर्कने अवस्था छैन । पर्यटक यही रहेका छन् ।"

अविरल वर्षापछि मर्स्याङ्दी नदीमा आएको बाढीको कटानले अधिकांश स्थानमा सडकको ट्र्याक बगाएको छ । भासिएका सडकको नयाँ ट्र्याक नबनाउँदासम्म पर्यटक तथा स्थानीयवासी आवतजावत गर्न सक्ने अवस्था छैन । नदी कटानले सडक भासिँदा उपकरण पुऱ्याउन सकिएको छैन ।

# राहत कोषमा १६ अर्ब १५ करोडभन्दा बढी

**रासस**
काठमाडौं, १४ असोज

सुवाको भोटेकोशी नदीमा आएको बाढीपछि प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोष र प्रधानमन्त्री राहत कोषमा आर्थिक सहयोग जुट्ने क्रम जारी छ ।

प्रधानमन्त्री तथा मन्त्रिपरिषद् को कार्यालयका अनुसार सो कोषमा मौज्दात रकम रु १६ अर्ब १५ करोड ५५ लाख ३३ हजार ४६८ पुगेको छ । प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषका विभिन्न नौ वटा वाणिज्य बैंकमा मैज्दात रु १२ अर्ब ५ लाख ९९ हजार ७२९ र हिमालयन बैंक र लक्ष्मी सनराइज बैंकमा रहेका डलर खातामा दुई करोड ७१ लाख ६ हजार ८२२ अमेरिकी डलर पुगेको छ ।

# राष्ट्रसंघमा ...

बलियोसँग उठाएको जानकारी दिनुभयो । उहाँले भोटेकोशीको विनासकारी बाढी तथा अन्य राष्ट्रिय र अन्तरराष्ट्रिय मुद्दामा महासभाका क्रममा आफ्नो धारणा स्पष्ट र दरिलो रूपमा राखेको भनी चर्चा एवं प्रशंसा हुनु नेपालका लागि गौरवको विषय हो भन्नुभयो ।

उहाँले प्रधानमन्त्री शाहले सम्बोधनका क्रममा जलवायु परिवर्तन तथा यसले नेपाल र नेपालजस्ता प्रभावित मुलुकहरूलाई पारेको असरका बारेमा स्पष्टसँग भनाइ राख्नुभएको बताउनुभयो ।

मन्त्री खनालले भन्नुभयो, "प्रधानमन्त्रीज्यूले महासभामा सम्बोधन गर्नुभन्दा अघि पनि देशभित्र र बाहिर उत्तिकै चासो थियो । उहाँको सम्बोधनपछि पनि त्यसप्रति विश्वको चासो रहेको स्पष्ट देखियो । राष्ट्रसङ्घीय महासभामा यसपटकको सम्बोधनहरूमध्ये अहिले सबैभन्दा बढी हेरिनेमा यो परेको छ ।"

मन्त्री खनालले नेपालको अवस्था र जलवायु परिवर्तनले पारेको असरका बारेमा प्रधानमन्त्री शाहले सम्बोधनका क्रममा र आफूले अन्य विभिन्न फोरमहरू तथा भेटवार्तामा स्पष्टसँग धारणा राखेको बताउनुभयो । उहाँले भन्नुभयो, "हामीले महासभामा सहभागिताका क्रममा नेपालको राष्ट्रिय हितलाई केन्द्रमा राखेर काम गरेर फर्केका छौं ।"

फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध सम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E-mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफसेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

आत्मा अमर छ, न यो जन्मन्छ न मर्छ। –गीता

## सम्पादकीय

# सरकारको खेर गएको ६ महिना

राष्ट्रिय स्वतन्त्र पार्टी ९रास्वपा० सरकारले आफ्नो ६ महिने कार्यकाल पूरा गरेको छादुई तिहाइ बहुमतको बालेन्द्र शाह नेतृत्वको सरकारले जनताले अनुभूति गर्ने नयाँ काम गर्न सकेको छैन । राजनीतिक प्रतिशोध साध्ने काममा केन्द्रीत भएकोछापुर्व विशिष्ट पदाधिकारीको गिरफ्तारी, आफुसंग असहमतलाई पक्राउ गरेर दुख दिने काम जारी छा सरकार कानुनी शासनमा असफल भएको छाजनतालाई महंगी उपहार नै दिएको छा पहिलो मन्त्रिपरिषद् बैठकबाट सयबुँदे कार्ययोजना सार्वजनिक गरेको सरकारले ती कार्यान्वयनमा आउन सकेनना विद्यालय शिक्षा र निजामती ऐन ल्याउनै सकेको छैन । प्रशासनिक सुधारको नाममा त्रास सृजना भएको छाभ्रष्टाचार नियन्त्रणमा सरकार कठोर बन्ने नागरिक अपेक्षा थियो ।

सरकारले भ्रष्टाचार रोक्ने निहुँमा विपक्षीलाई फसाउन खोज्ने र अख्तियार दुरुपयोग अनुसन्धान आयोगका पदाधिकारीलाई तर्साउने काम गरेको छ । सरकारी कार्यालयको कामकाजमा केही छ रितोपन र चुस्तता आएको देखिन्छ। सरकारले दिएको सबैभन्दा ठूलो पीडा बागमती किनारका सुकुम्बासीले भोग्नुपर्‍यो । सुरक्षित ठाउँमा सार्ने बहाना बनाएर जबरजस्ती हटाइयो। अनि अलपत्र पारेर छाडियो । कतिले आत्महत्यै पनि गरे। त्यतिमात्रै नभई सरकार र राज्यसँग आशा मारेर अर्जुन दोङ तामाङदेखि गणेश नेपालीसम्मले गरेको आत्मदाहलाई सरकारले नजरअन्दाज गरिरहेको छ। चुनाव अघि जोड दिइएको शिक्षा र स्वास्थ्यका बारेमा सरकार बनेपछि ठिक उल्टो बाटो लिएको छा शिक्षा र स्वास्थ्यमा लगाएको तीन प्रतिशत करले आलोचित बने। धन्न त्यसमा पछि हटे। तर बिजुलीमा लगाएको मूल्य अभिवृद्धि करको पासोबाट भने उपभोक्तालाई मुक्ति दिएका छैनन्। मन्त्रालय घटाएर १७ मा झारे पनि सल्लाहकार र सचिवालयको टिम जम्बो बनाएर शाहले दोहोरो चरित्र भने देखाएका छन्। अर्कोतिर कर्मचारीतन्त्र बाइपास गर्दै सचिवालयबाट मन्त्रालयहरू हाँक्ने उनको शैली लोकतान्त्रिक र उत्तरदायित्वको कसीमा कमजोर सावित भइरहेको छ । अध्यादेशको भरमा १५ सयभन्दा बढी राजनीतिक नियुक्ति पनि खारेज गर्‍यो।आफ्नालाई नियुक्ति दिलाउने बाहेक केही गर्न सकेन।अहिले साविककै कानुन व्युताउने विधेयक ल्याएको छा हजारभन्दा बेसी पद रिक्त राखेर आफ्नो अकर्मण्यता प्रदर्शन गरेको छा योग्यतातन्त्र नाम दिए पनि न्यायालयमा ७० वर्षदेखिको परम्परामा क्रमभंगता गर्‍यो, जसको औचित्य पुष्टि गर्नुको साटो आफ्नै पार्टी सभापति रवि लामिछानेलाई मुद्दामा चोख्याउन लागेकाहरूलाई पुरस्कृत गरिएको छा भदौ १० को भोटेकोशी बाढीका बेला सरकारी उद्धार र राहतमा जनप्रतिनिधिलाई छलेर सेनाको व्यारेकबाट संचालन गर्न खोज्दा एक महिना पूरा हुँदा पनि अवस्था दुरुह हुनु विडम्बना हो ।

बाढीपहिरो प्रभावितको होल्डिङ सेन्टरको बसाइ दुरुहपूर्ण छ। बिचल्ली बालबालिकाको अभिभावकत्व र शिक्षादीक्षाको खास खाका पनि बनाउन सरकार सकिरहेको छैन । ग्यासको अभावमा पिल्सिएका जनता महँगीको घानमा पनि परेका छन्, ती उपभोक्ताले सरकारको अनुभूति गर्न पाएका छैनन् । देश निर्माण गर्न लगानीको वातावरण बनाउन नसकेको मात्र होइन आतंकित बनाएको छ। उद्योगी, व्यवसायी निरुत्साहित छन् । त्यसैले बैंकमा थुप्रिएको निक्षेप कर्जा प्रवाहमा रूपान्तरित हुन सकेको छैन । अर्थतन्त्र चलायमान बनाउन नसकेकै हुँदा र खासगरी व्यावसायिक वातावरण धमिल्याएकै कारण युवाहरूको विदेश पलायनको ग्राफ पहिलाकै जस्तो छ। सरकार भनेको खासमा सुरक्षा र भरोसाको विश्वास हो। त्यही विश्वास दिलाउन सक्दा निजी क्षेत्र थप सक्रिय हुन्छ, अर्थतन्त्र चलायमान हुन्छ र देशले समृद्धिको लय पक्रन्छ। तर प्रधानमन्त्री वालेन्द्र शाह भने न संसद्प्रति उत्तरदायी देखिन्छन् न समग्र जनताले आश गरेअनुरूपको नतिजा निकाल्न सक्रिय हुन्छन् । कूटनीतिक मामलामा त उनी आफ्नै उमेरजस्तै केटौले प्रतीत हुन्छन्। छ महिनाको अबधिमा सबै काम हुन्छ भन्न सकिदैन ।संभव पनि हुँदैन ।तर सरकार ठिक दिशा जाँदैछ भन्ने सन्देश दिन गलत नीति छाडेर लोकतान्त्रिक मार्मा फर्कने र विधिको शासनमा विश्वास गर्दछौं भन्ने प्रतिबद्धता आवश्यक छ।

# बेनीमा खानेपानीको समस्या

**पोखरापत्र संवाददाता**
म्याग्दी, १४ असोज

यही असोज ८ देखि ११ गतेसम्मको निरन्तरको झरीपछिको बाढी पहिरोबाट प्रभावित म्याग्दीलाई विपद् सङ्कटग्रस्त जिल्ला घोषणा गर्न सिफारिस गरिएको छ।

जिल्ला विपद् ब्यवस्थापन समितिको मङ्गलबार बसेको बैठकले विपद् सङ्कटग्रस्त जिल्ला घोषणा गर्न सिफारिस गर्ने निर्णय गरेको हो। विपद् सङ्कटग्रस्त जिल्ला घोषणा गरेर पुनर्निर्माण र पुनर्स्थापनाकार्यलाई प्राथमिकता दिन गृह मन्त्रालयमा सिफारिस गरिएको प्रमुख जिल्ला अधिकारी गणेश गैरेले जानकारी दिनुभयो । सात जनाको ज्यान गएको, दुई जना बेपत्ता भएको, सडक, विद्युत्, सिँचाइ, खानेपानी, भवनलगायत भौतिक संरचनामा ठूलो क्षति पुगेको आधारमा म्याग्दीलाई विपद् सङ्कटग्रस्त जिल्ला घोषणाका लागि सिफारिस गरिएको उहाँले बताउनुभयो। त्यसैगरी, म्याग्दीमा बाढीपहिरोले भौतिक संरचना, निजी आवास, कृषि, पशुपन्छी क्षेत्रमा पुगेको क्षतिको विवरण सङ्कलन गर्न मङ्गलबारदेखि स्थानीय तहका जनप्रतिनिधि, कर्मचारी र सुरक्षाकर्मीको टोली परिचालन भएका छन्। सहायक प्रमुख जिल्ला अधिकारी कुलप्रसाद आचार्यले उद्धार र राहतसँगै छवटै पालिकामा क्षति विवरण सङ्कलन सुरु भएको जानकारी दिनुभयो । उहाँका अनुसार हालसम्म प्राप्त विवरणअनुसार बाढीपहिरोले बेनी नगरपालिकामा २३, रघुगङ्गामा तीन, मङ्गलामा १८, मालिकामा एक, अन्नपूर्णमा दुई र धवलागिरिमा एकवटा घर पूर्ण क्षति भएको विवरण प्राप्त भएको छ। बेनी नगरपालिकामा नौ र मालिका गाउँपालिकामा एक घरमा आंशिक क्षति पुगेको छ। बेनीमा २३, रघुगङ्गामा ४७, मङ्गलामा चार, मालिकामा तीन र धवलागिरिमा २३ घर जोखिममा परेका छन् । बेनीमा २१, रघुगङ्गामा २६, मङ्गलामा आठ, अन्नपूर्णमा एकवटा गोठ तथा जिल्लाभर २० वटा पशुधनको क्षति भएको मङ्गलबारसम्म विवरण सङ्कलन भएको छ।

पहिरोले गाउँ घेरिएपछि फसेका अन्नपूर्ण गाउँपालिका-५ पाउद्धार, गिवाङ, नेपाने, किन्दु, धोस्केखोर, घिरवाङका १०९ जनालाई हेलिकप्टरमार्फत उद्धार गरेर शिख र घारमा अस्थायी शिविर बनाएर राखिएको छ। विपद् पछि म्याग्दीमा उद्धारमा ७० जना नेपाली सेना, २५१ जना नेपाल प्रहरी र ६० जना सशस्त्र प्रहरी बलका सुरक्षाकर्मी परिचालन भएका छन् । बाढी र पहिरोका कारण म्याग्दीको सदरमुकाम बेनीदेखि अन्य जिल्ला र ग्रामीण क्षेत्र जोड्ने सबै सडक अवरुद्ध छन् । सदरमुकामबाहेकका क्षेत्रमा विद्युत् र सञ्चार सेवा पनि अवरुद्ध भएको छ। जिल्ला सदरमुकाम बेनीमा खानेपानीको समस्या भएको छ।

# प्राकृतिक उपचारस्थल सिंगा तातोपानी कुण्डमा बाढीले क्षति

**पोखरापत्र संवाददाता**
म्याग्दी, १४ असोज

असोज ८ देखि ११ गतेसम्मको अविरल वर्षापछि म्याग्दी नदीमा आएको बाढीले बेनी नगरपालिका-४ मा रहेको प्राकृतिक उपचारस्थल सिंगा तातोपानी कुण्डमा क्षति पुर्‍याएको छ।

तीन वटा पोखरीमध्ये बिरामीहरूले उपचारका लागि डुब्ने ठूलो र उपल्लो तातोपानीको पोखरीमा बाढी पसेर हिलो थुप्रिएको छ भने पर्यटकहरूका सञ्चालित सानो पोखरी बाढीले भत्काएको छ । कपडा परिवर्तन गर्ने भवन, तातोपानी भण्डारण गर्ने ट्याङ्की राखेका भवन र खुला स्नानस्थल माथिबाट खसेको पहिरोले भत्किएको र पुरिएको सिंगा तातोपानी कुण्ड व्यवस्थापन समितिका अध्यक्ष कृष्ण खड्काले बताउनुभयो । "बाढी पहिरोले तातोपानी कुण्डका भौतिक संरचनाहरूमा क्षति पुर्‍याएकाले तत्कालका लागि स्नान गर्न सकिने अवस्था छैन, कुण्ड बन्द भएको छ," उहाँले भन्नुभयो, "पोखरीमा थुप्रिएको बाढी पन्छाएर तातोपानी कुण्ड सञ्चालनमा ल्याउने प्रयासमा छौं।" समितिको सोमबार बसेको बैठकले मङ्गलबारदेखि तातोपानीवासीहरूले श्रमदान गरेर पोखरीमा थुप्रिएको लेदो र हिलो पन्छाउने निर्णय गरेको सदस्य मीना जुग्जालीले बताउनुभयो। पर्यटकीय र प्राकृतिक उपचारस्थलको रुपमा रहेको सिंगा तातोपानी कुण्डको संरक्षण र मर्मतका लागि नगरपालिका, प्रदेश र सङ्घीय सरकारबाट सहयोगको अपेक्षा गरेको उहाँले बताउनुभयो । असोज-कात्तिक सिंगा तातोपानी कुण्ड स्नान गर्ने मुख्य याम हो। मुख्य याममा कुण्ड बन्द भएपछि तातोपानी बजार सुनसान बनेको छ। होटल, रेष्टुरेन्ट र होमस्टे व्यवसायीहरू निराश भएका छन् । वार्षिक २० हजार जनाभन्दा बढी नेपालका ७७ वटै जिल्ला र विदेशबाट समेत सर्वसाधारण प्राकृतिक उपचारका लागि आउने गरेका छन् । म्याग्दी नदीको किनारमा प्राकृतिक रुपमा वीरेनुनको गन्ध आउने ५० डिग्री सेल्सियस तापक्रममा निस्कने तातोपानीलाई सङ्कलन गरेको पोखरीमा स्नान थिए।

सिंगा तातोपानी कुण्ड व्यवस्थापन समितिका सचिव कुमार केसीका अनुसार वीरेनुनको गन्ध आउने पानी सङ्कलन गरिएको पोखरीमा स्नान गरेर छाला, ग्यास्ट्रिक, बाथ, चोटपटक लागेको स्वास्थ्य समस्या निको हुने जनविश्वास छ। असोज-कात्तिक, मङ्सिर, पुस, माघ, फागुन, चैत र वैशाख महिना तातोपानी कुण्डमा स्नान गर्ने याम हो।


## एउटै व्यक्ति भएको सूचना



कास्की जिल्ला, पोखरा महानगरपालिका वडा नं. २९ निवासी भारतीय भु.पु.सै.नं.५३४१३१०N, NK का गोर्खा राइफल्सका बेल बहादुर थापाको श्रीमती केशरमाया बि.क.को नेपाली नागरिकता प्रमाणपत्रमा नामथर केशरमाया बि.क. उल्लेख भएको र निजको भारतीय पेन्सन अभिलेखमा निजको श्रीमतीको नामथर केशर माया उल्लेख भई फरक परेतापनि माथि उल्लेखित फरक नामथर भएको व्यक्ति फरक नभई एउटै व्यक्ति भएको बेहोरा अनुरोध छ भनि पोखरा महानगरपालिका २९ नं. वडा कार्यालयको च.नं.८५७ मिति २०८३।०६।१२ को सिफारिस पत्रबाट लेखी आएको व्यहोरा जानकारी गराइन्छ।

**जिल्ला प्रशासन कार्यालय, कास्की**


# जुडोमा चार खेलाडी पराजित

**रासस**
काठमाडौं, १५ असोज

जापानमा जारी बीसौं एसियाली खेलकुद प्रतियोगिताअन्तर्गत जुडो खेलमा नेपालका चारै जना खेलाडी पराजित भएका छन्।

जापानको ऐचि इन्टरनेसनल एरिनमा आज भएको खेलमा नेपालका चारै जना खेलाडी पराजित हुँदै पहिलो चरणबाटै बाहिरिएका हुन्।

पहिलो चरणबाटै बाहिरिने खेलाडीमा देवकीमाया श्रेष्ठ, निशा श्रेष्ठ, विशेष विक र विकास विक रहेका छन् ।महिला ५२ केजी तौल समूहमा नेपालकी देवकीमाया पहिलो खेलमा नै भियतनामकी खेलाडी थि नगान हासँग पराजित भइन्।

त्यस्तै महिला ४८ केजी समूहमा अर्का खेलाडी निशा हङ्कङ्की वङ का लीसँग पराजित भइन्।

त्यस्तै पुरुष ६६ केजी तौल समूहमा विशेष हङ्कङका वङ का कीसँग पराजित भए। पुरुष ६० केजीमा विकास उज्बेकिस्तानका सामरिद्दिन कुचकारोभसँग पराजित भए।


# तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : आर्थिक समस्या | तुला | : मानसिक तनाब |
| वृष | : शत्रुको भय | वृश्चिक | : सहयोग मिल्नेछ |
| मिथुन | : कार्यमा सफलता | धनु | : ब्यापारमा लाभ |
| कर्कट | : अप्रत्यसित लाभ | मकर | : झमेला बड्ने |
| सिंह | : शारीरिक झमेला | कुम्भ | : स्वास्थ्यमा सुधार |
| कन्या | : सत्कार मिल्नेछ | मीन | : शुभ यात्रा |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**
पोखरा–१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस्।



## एउटै व्यक्ति भएको सूचना



जिल्ला स्याङ्जा पुतलीबजार नगरपालिका वडा नं ०५ निवासी भारतीय भु.पु. सैनिक नं 5850376 N L/NK रामचन्द्र खत्रीको श्रीमतीको ना.प्र.मा र सैनिक अभिलेखमा तामसिल वमोजिमको नामथर र जन्म मिति फरक परेकोले फरक फरक नामथर र जन्म मिति भएतापनि व्यक्ति एउटै भनी सोही सम्वन्धित निकायमा सिफारिस गरिदिनुहुन भनी उक्त वडा कार्यालयको च.नं २५५ मिति २०८३/०६/०५ को पत्रबाट लेखी आएको व्यहोरा जानकारी गराइन्छ।

| क्र.स. | ना.प्र.मा नामथर | सैनिक अभिलेखमा नामथर | नाता | ना.प्र.मा जन्म मिति | सैनिक अभिलेखमा जन्म मिति |
|---|---|---|---|---|---|
| १ | जुना पौडेल खत्री | जुना खत्री | श्रीमती | २०४२/०७/२९ 14-11-1985 A.D | 11-11-1985 A.D |

**जिल्ला प्रशासन कार्यालय, स्याङ्जा**



## Phedikhola Rural Municipality
## Office of Rural Municipal Executive
## Phedikhola, Syangja
## Gandaki Province, Nepal

# Invitation for Bids

Invitation for Bids No: 4/083/84/PRM
Date of publication: October 01, 2026

1. Phedikhola Rural Municipality, Office of Rural Municipal Executive, Phedikhola-02, Phedikhola, Syangja invites sealed bids from Nepalese eligible bidders for the Construction of Partial Civil works of First Floor of New block of Maidan Secondary School at Phedikhola-05, Bange, Syangja under Contract ID: 4-PRM-W-NCB-083-84 under National Competitive Bidding procedures. The estimated amount for the works is NRs. 1,956,794.99 (Including VAT & PS).
2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the Office of Rural Municipal Executive, Phedikhola Rural Municipality, Phedikhola-02, Phedikhola, Syangja, Email:phedikhola174@gmail.com, Phone:063-402053, Website: www.phedikholamun.gov.np.
3. A complete set of Bidding Documents may be purchased from the Office of Rural Municipal Executive, Phedikhola Rural Municipality, Phedikhola-02, Phedikhola, Syangja by eligible Bidders on the submission of a written application, along with the copy of company/firm registration certificate, and upon payment of a non-refundable fee of NRs. 3,000.00 (Three thousand) till October 26, 2026 during office hours in the account as specified below.
   Name of the Bank: Prime commercial Bank Ltd., Phedikhola-02, Phedikhola Bazar.
   Name of Office: Internal Revenue Account of Phedikhola Rural Municipality.
   Office Code no. : None Account No.: 06501000000030800180
   Rajaswa (revenue) Shirshak no. : Ga-1-1.
5. Sealed bids must be submitted to the Office of Rural Municipal Executive, Phedikhola Rural Municipality, Phedikhola-02, Phedikhola, Syangja by hand/courier on or before 12:00 hrs. on October 27, 2026. Bids received after this deadline will be rejected.
6. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at 13:00 hrs. on October 27, 2026 at the Office of Rural Municipal Executive, Phedikhola Rural Municipality, Phedikhola-02, Phedikhola, Syangja. Bids must be valid for a period of 90 (Ninety) days from the bid submission deadline and must be accompanied by an original copy of bid security or original copy of cash deposit voucher, amounting to a minimum of 44,000.00 (Forty-four thousand ), which shall be valid for 30 days beyond the validity period of the bid (i.e. February 23, 2027). Bidder who wishes to submit the bid security in the form of cash, the above-mentioned cash, should be deposited in Dharauti account of Office of Rural Municipal Executive, Phedikhola Rural Municipality, Phedikhola, Syangja in account No. 06501000000003600179 at Prime commercial Bank Ltd., Phedikhola, Syangja.
7. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid and bid security shall remain the same as specified for the original last date of bid submission.

# थुनिएको मर्स्याङ्दी खुलाउने प्रयास जारी

**पोखरापत्र संवाददाता**
मनाङ, १४ असोज



अविरल वर्षापछि घट्टेखोलाको लेदोसहितको ढुङ्गा, गिट्टी, बालुवाले थुनिएको मर्स्याङ्दी नदी अझै पनि पुलको दायाँ र बायाँबाट बगिरहेको छ।

नदील पुलको माथिबाट धार परिवर्तन गरी आंशिक रूपमा बगे पनि हालसम्म तालकै रूपमा रहेको सहायक प्रमुख जिल्ला अधिकारी एवं सूचना अधिकारी कृष्णप्रसाद पौडेलले जानकारी दिनुभयो । उहाँले भन्नुभयो, “एक्साभेटरले दुवैतर्फबाट काम गरिरहेको छ, इन्धन ल्याउन सहज छैन । नेपाली सेनाको हेलिकप्टरमार्फत इन्धन ल्याएर काम भइरहेको छ।” हाल त्यस क्षेत्रमा विज्ञहरुको परामर्शमा स्थानीय सरकार, प्रदेश सरकार र सङ्घ सरकारको समन्वयमा काम भइरहेको उहाँले जानकारी दिनुभयो।

स्थानीय तहमा उपलब्ध एक्साभेटरलगायतका सामग्री प्रयोग गरी तालको बहवलाई सञ्चालन गर्न कोसिस भइरहेको चामे गाउँपालिकाका प्रमुख लोकेन्द्रबहादुर घलेले जानकारी दिनुभयो । “नदीको बहाव र जोखिमलाई ध्यानमा राखेर छेउको भागबाट काम गरिरहेका छौँ”, अध्यक्ष घलेले भन्नुभयो, “आम नागरिकको हितका लागि दिनरात नभनी काम गरिरहेका छौँ ।” उहाँका अनुसार पुलमाथिबाट नै नदीले धार परिवर्तन गरेपछि त्यस क्षेत्र वरपरका केही घर डुबानमा परेका छन्। लमजुङ हिमालबाट उत्पत्ति हुने घट्टेखोलाको बाढी र पहिरोका कारण त्यसमा विद्युत् र खानेपानी आपूर्ति, टेलिफोन, इन्टरनेट र सडक सञ्जाल पूर्ण रूपमा अवरुद्ध छ । यसैबीच मर्स्याङ्दीको बाढीले नार्सों गाउँपालिका-८ र ९ वडा जोड्ने पुल बगाएपछि स्थानीयलाई आवतजावतमै समस्या परेको छ। स्थानीय रामबहादुर थकालीका अनुसार ताचैबासी सडक सञ्चालबाट अहिले अलग भएको अवस्था छ । विगतमा तीनतिरबाट त्यहाँ आवतजावत गर्न मिल्थ्यो । उहाँका अनुसार पछिल्ला दिनमा त्यस क्षेत्रका घोडेटो, गोरेटो र मोटरबाटो बाढी पहिरोले क्षति पुर्‍याएको छ। गाउँमा कसैलाई आकस्मिक रूपमा कहीँकतै जानुपर्‍यो भने अहिले त्यो सम्भव छैन। नार्सों-८ का वडाध्यक्ष याद घले भन्नुहुन्छ, “गाउँबाट आवतजावत गर्ने सबै बाटो बाढी र पहिरोले बगाएपछि अन्य गाउँसँगको सडक सम्पर्क टुटेको छ। म आफैँ पनि वडाकै नेतृत्वमा छु । तर, आवश्यक स्रोतसाधन अभावले केही काम नै गर्न सकिएको छैन।”

# मुटुरोगीलाई डायलासिस सेवा

**पोखरापत्र संवाददाता**
वालिङ, १४ असोज

स्याङ्जाको वालिङमा रहेको वालिङ सामुदायिक डायलासिस सेन्टरबाट ६६ जना बिरामीले निःशुल्क डायलासिस सेवा लिएका छन्।

गौतम बुद्ध सामुदायिक मुटु अस्पताल बुटवलद्वारा वालिङ-१० फूलबारीमा सञ्चालित वालिङ डायलासिस सेन्टरमा मिर्गौलासम्बन्धीका बिरामीले सेवा लिँदै आएका हुन् । पाँच वर्षअघि स्थापना भएको डायलासिस सेन्टरबाट स्याङ्जाको वालिङ नगरपालिका, भीरकोट नगरपालिका, चापाकोट नगरपालिका, गल्याङ नगरपालिका र कालीगण्डकी गाउँपालिकासहित पाल्पा र पर्वतका गरी ६६ बिरामीले अहिले नियमित डायलासिस सेवा लिँदै आएका वालिङ सामुदायिक डायलासिस सेन्टर वालिङका व्यवस्थापक ईन्दिरा श्रेष्ठले बताउनुभयो। डायलासिस सेन्टर सञ्चालनमा आएसँगै स्याङ्जाका-५ नगरपालिका तथा गाउँपालिकासहित पाल्पा र पर्वतका केही भेगका मिर्गौलासम्बन्धी बिरामीले निःशुल्क सेवा लिँदै आएका छन्। “डायलासिस सेन्टरमा दैनिक दुई ‘सिफ्ट’मा २२ जना बिरामीको मिर्गौलाको डायलासिस हुँदै आएको छ”, उहाँले भन्नुभयो, “एक पटकमा ११ वटा मेसिनबाट ११ जना बिरामीको मिर्गौलाको डायलासिस हुने गरेको छ, दैनिक दुई सिफ्टमा बिरामीहरुको डायलासिस गर्छौं।” डायलासिस सेन्टर सञ्चालनमा आएसँगै मिर्गौलाका बिरामी अन्यत्र जानुपर्ने बाध्यता हटेर गएको छ । आफ्नै ठाउँ वा नजिकै डायलासिस सेन्टरले सेवा दिएसँगै बिरामीलाई सहज भएको छ । डायलासिस सेन्टरमा २० देखि ५९ वर्षका ४० जना, ६० देखि ६९ वर्षका १७ जना र ७० भन्दामाथिका नौ जना मिर्गौलाका बिरामी रहेको सेन्टरका मेडिकल अफिसर डा रविकुमार दासले जानकारी दिनुभयो । “खानपान, आनीबानी र दैनिक व्यवहारबाट मिर्गौलासम्बन्धी रोग देखिने गरेका छन्”, उहाँले भन्नुभयो, “आवश्यकमात्रामा पानी पिउने, खानपानमा विशेष ध्यान दिने, समय समयमा मिर्गौलाको परीक्षण गर्ने र चिकित्सकसँग परामर्श लिनु उपयुक्त हुन्छ।”

डायलासिस सेन्टरबाट मिर्गौलाको डायलासिस सेवा निःशुल्क रुपमा उपलब्ध छ। डायलासिस सेन्टर सञ्चालन आएसँगै हालसम्म १०० भन्दाबढीले सेवा लिइसकेका छन्। डायलासिस सेन्टरमा शुद्ध र सफा पानी, नियमित विद्युत् सेवा, दक्ष र पर्याप्त जनशक्तिको अभाव छ।

“रोगले सानोठूलो चिन्दैन, जुनसुकै उमेर समूहमा पनि पछिल्लो समय मिर्गौलासम्बन्धी रोग देखिन थालेका छन्”, उहाँले भन्नुभयो, “रोग लागेर पछुताउनुभन्दा रोग लाग्नै नदिनकालागि पूर्वसचेतना अपनाउनु बुद्धिमानी हुनेछ।”

## एउटै व्यक्ति भएको सूचना



पाल्पा रामपुर नगरपालिका वडा नं. ६ निवासी ५०४२३८७ का बाजिन्द्र थापा (ना.प्र. मा बाजिन्द्र मल्ल थापा) को श्रीमती याम कुमारी थापा (ना.प्र. मा याम कुमारी मल्ल थापा) को नेपाली नागरिकता प्रमाणपत्र र पेन्सन अभिलेखमा निम्न विवरण भई फरक परेको भएता पनि व्यक्ति एउटै भएको व्यहोरा रामपुर नगरपालिका ६ नं. वडा कार्यालयको च.नं. १५४ मिति २०८३/५/१ को सिफारिस पत्रबाट लेखी आएको व्यहोरा जानकारी गराइन्छ।

**नागरिकतामा भएको :**
नामथर : याम कुमारी मल्ल थापा
जन्ममिति : २०२४।१०।१०

**पेन्सन अभिलेखमा भएको :**
नामथर : याम कुमारी थापा
जन्ममिति : सन् १९६५।४।१२

**जिल्ला प्रशासन कार्यालय, पाल्पा**

## सैदी पावर कम्पनी लिमिटेड

**कास्की जिल्ला पोखरा म.न.पा. वडा नं. ५, मालेपाटन**
**सम्पर्क नं. ९८४६५१७६६६, इमेलः** saidihydro@yahoo.com

## तेस्रो वार्षिक साधारण सभा बस्ने सम्बन्धी सूचना

दोस्रो पटक प्रकाशित मितिः २०८३/०६/१५

यस कम्पनीको मिति २०८३ साल असोज महिना ११ गते आइतबार बसेको सञ्चालक समितिको बैठकको निर्णयानुसार यस कम्पनीको **तेस्रो वार्षिक साधारण सभा** देहाय बमोजिमको मिति, समय र स्थानमा निम्न विषयहरु उपर छलफल तथा पारित गर्न बस्ने भएको हुँदा सम्बन्धित सबैको जा( नकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

**वार्षिक साधारण सभा हुने मिति, समय तथा स्थान :**

**सभा हुने मिति :** २०८३/०७/०९
**समय : विहान १०:०० बजे**
**स्थान : कम्पनीको रजिष्टर्ड कार्यालय, कास्की जिल्ला, पोखरा म.न.पा. वडा नं. ५, मालेपाटन**

**छलफलको लागि पेश गरिने विषयहरु**

**क) साधारण प्रस्तावहरु :**

१. सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूले आ.व. २०८२/०८३ को वार्षिक प्रतिवेदन प्रस्तुत गर्ने र सो उपर छलफल गरी पारित गर्ने सम्बन्धमा।
२. लेखापरिक्षकको प्रतिवेदन सहितको आ.व.२०८२/०८३ को वासलात, नाफा नोक्सान बाँडफाँड हिसाब, सोहि अवधिको नगद प्रवाह विवरण लगायतका वित्तीय विवरणहरु उपर छलफल गरि पारित गर्ने सम्बन्धमा।
३. आर्थिक वर्ष २०८३/०८४ को लागि कम्पनी ऐन, २०६३ को दफा १११ अनुसार लेखा परिक्ष( कको नियुक्ति गर्ने र निजको पारिश्रमिक निधारण गर्ने सम्वन्धमा।

**ख) विशेष प्रस्तावहरु**

१. प्रारम्भिक सार्वजनिक निष्काशन (IPO) सम्बन्धी पूर्व निर्णयको निरन्तरता तथा आवश्यक प्रक्रिया अगाडि बढाउने सम्वन्धमा।
२. प्रारम्भिक सार्वजनिक निष्काशन (IPO) मार्फत प्राप्त हुन रकमको उपयोग सम्बन्धी प्रस्ताव पारित गर्ने सम्बन्धमा।
३. प्रारम्भिक सार्वजनिक निष्काशन (IPO) सम्बन्धमा सम्बन्धित नियमनकारी निकायबाट प्राप्त हुने सुझाव निर्देशन वा शतबमोजिम कम्पनीको प्रबन्धपत्र तथा नियमावलीमा आवश्यक संशोधन परिमार्जन, फेरवदल वा समायोजन गर्न सञ्चालक समितिलाई आख्तयारी प्रदान गर्ने सम्बन्धमा।
४. कम्पनी सचिवको राजीनामा स्वीकृत गरी नयाँ कम्पनी सचिव नियुक्त गर्ने सम्बन्धमा।

**ख) विविध**

**सञ्चालक समितिको निर्णय**
**बमोजिम**
**कम्पनी सचिव**

## फलेवास नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
### खानीगाउँ, पर्वत
### गण्डकी प्रदेश, नेपाल

## ढुंगा गिटी वालुवाको निकासी कर संकलन सम्बन्धी शिलबन्दी दरभाउ/बोलपत्र पुनः आह्वानको सूचना ।

**प्रथम पटक प्रकाशित मितिः २०८३/०६/१५**

फलेवास नगरपालिकाको अठारौं नगर सभाको निर्णय अनुसार आफ्नो नगरक्षेत्रभित्रका खोला नदीहरुबाट आ.व.०८३/८४ मा उल्लिखित स्थानहरूमा ढुङ्गा, गिट्टी बालुवा लगायत नदीजन्य पदार्थको उत्खनन तथा निकासी कर संकलन गर्न आय ठेक्का बन्दोबस्त गर्नुपर्ने भएकोले ईजाजत प्राप्त इच्छुक फर्म, संस्था वा कम्पनीहरुलाई तपसिलका शर्तको अधीनमा रही सिलवन्दी दरभाउपत्र पेश गर्न यो १५ दिने सार्वजनिक सूचना प्रकाशन गरिएको छ।

**शर्तहरुः**

१. दरभाउ/बोलपत्र फाराम खरिद गर्न फलेवास नगरपालिकाको राजस्व पोर्टल sutrarevenue.fcgo.gov.np मार्फत बैंक वा कार्यालयमा सम्पर्क गरी तोकिएको दरभाउपत्र दस्तुर (फिर्ता नहुने गरी ठेक्का अनुसारको) जम्मा गरेको सक्कल भौचर पेश गरी यो सूचना प्रकाशित भएको मितिले १५ औं दिनसम्म कार्यालय समयभित्र खरिद गर्न सकिनेछ। उक्तदिन सार्वजनिक विदा भएमा भोलिपल्ट कार्यालय समयभित्र फर्म खरिद गर्न सकिनेछ।
२. ठेक्का नं अनुसारको छुट्टाछुट्टै दरभाउ/बोलपत्र १६ औं दिनको दिउँसो १२:०० बजेसम्म कार्यालयमा पेश गरिसक्नु पर्नेछ साथै सोही दिनको दिउँसो १:०० बजे यस कार्यालयमा दरभाउ/बोलपत्र खोलिने छ। उक्त दिन सार्वजनिक विदा परेमा सो को भोलिपल्ट निर्धारित समयमा उक्त कार्य हुनेछ।
३. दरभाउ/बोलपत्र साथ आफूले कवोल गरेको अङ्कको कम्तीमा ५% धरौटी रकम फलेवास नगरपालिकाको राष्ट्रिय वाणिज्य बैंक फलेवास शाखामा रहेको धरौटी खाता नं.ग-३, ३५४०१००३०३००००२ मा जम्मा गरेको सक्कल बैंक भौचर पेश गर्नु पर्नेछ। साथै राष्ट्र वैंकवाट मान्यता प्राप्त बैंकको दरभाउपत्र पेश गर्ने अन्तिम मितिबाट कम्तिमा १२० दिन म्याद रहेको वैंक ग्यारेन्टीलाई समेत मान्यता दिइने छ।
४. दरभाउ/बोलपत्र पेश गर्दा कबोल गरेको रकम अङ्क र अक्षरमा स्पष्ट लेख्नु पर्नेछ। अङ्क र अक्षर फरक पर्न गएमा अक्षरलाई मान्यता दिइनेछ।
५. दरभाउ/बोलपत्र स्वीकृत भएपछि कवोल रकम बढिमा दुई किस्तामा बुझाउन सकिनेछ। तर रु १० लाख भन्दा कम रकमको ठेक्काको ठेक्का रकम एकमुष्ठ बुझाउनु पर्नेछ। रकम बुझाउँदा कवोल अंक सहित सोको भ्याट र अग्रीम आय करको रकम समेत बुझाउनुपर्नेछ। सम्झौताको बखत एकमुष्ठ रकम नबुझाउने भए वाँकी दोस्रो किस्ताको लागि धितो (सेक्युरीटी वण्ड) वापत मिति २०८४ साल श्रावण मसान्त सम्म म्याद भएको राष्ट्र वैंकवाट मान्यता प्राप्त वैंकको जमानतको (ग्यारेन्टी) सक्कल पत्र पेश गर्नुपर्नेछ।
६. विक्री एवं निकासी करको दर मु.अ.कर वाहेक प्रति क्यूविक फिट रु. ८ (अक्षरुपी आठ मात्र) हुनेछ।
७. रित नपुगी वा म्याद नाघी आएको दरभाउपत्र उपर कुनै कारवाही हुने छैन।
८. ठेक्का सञ्चालन गर्दा नियमानुसार लाग्ने सम्पूर्ण कर ठेकदार स्वयम्ले व्यहोर्नु पर्नेछ।
९. दरभाउ/बोलपत्र स्वीकृत गर्ने वा नगर्ने अधिकार सम्पूर्ण रुपमा यस कार्यालयमा निहित रहनेछ।
१०. उल्लेखित अलग-अलग ठेक्काहरूको लागि दररेटको विस्तृत विवरण सम्बन्धित फर्म, संस्था वा कम्पनीले यस कार्यालयमा सम्पर्क राखेको समयमा उपलब्ध गराइनेछ।
११. नियमानुसार असार १ गतेदेखि भाद्र मसान्तसम्म उत्खनन र संकलन कार्य गर्न पाइने छैन। ठेक्काका अन्य शर्तहरू सम्झौता पत्रमा उल्लेख गरिनेछ साथै अन्य कुराहरू प्रचलित कानुन बमोजिम हुनेछ। थप कुराहरू वुझ्नु परेमा कार्यालय समयभित्र कार्यालयमा सम्पर्क राख्न सकिने छ।
१२. कुनैपनि फर्म, संस्था वा कम्पनीले एक भन्दा बढि आय ठेक्काको लागि ठेक्का अनुसार छुट्टाछुट्टै दरभाउ/बोलपत्र पेश गर्नुपर्नेछ।
१३. यो ठेक्काको म्याद २०८४ जेठ मसान्तसम्म मात्र रहनेछ।
१४. दरभाउ/बोलपत्र पेश गर्दा संलग्न गर्नुपर्ने कागजातहरुः-
    क. फर्म इजाजत एवं दर्ता प्रमाण पत्र (नियमानुसार नविकरण भएको) को प्रतिलिपी।
    ख. स्थायी लेखा नं. (भ्याट दर्ता प्रमाण पत्र) को प्रतिलिपी।
    ग. आ.व.०८२/८३ कर चुक्ता गरेको प्रमाण पत्रको प्रतिलिपी, तर २०८३ आश्विन मसान्तसम्म आ.व. ०८१/८२ को करचुक्ता पनि मान्य हुनेछ।
    घ. कालो सूचीमा नरहेको स्वयं घोषणा पत्र।

**तपसिल**

| आय ठेक्का नं | वगर तथा नदी क्षेत्र | न्यूनतम कवोल अंक (भ्याट र कर वाहेक) | दरभाउ दस्तुर |
|---|---|---|---|
| ०१।०८३।८४ | श्रीकाङ्ग कालीगण्डकी छेस्लाङ्ग वगर, फनपा-११ | १७,७२,०००।- (सत्र लाख बहत्तर हजार) | रु ३००० |
| ०३।०८३।८४ | राता ढुंगा बालुवा बगर (क्याम्पस पछाडि) फनपा-६ | ६,८५,०००।-(छलाख पचासी हजार हजार) | रु १००० |
| ०७।०८३।८४ | कर्नास छोरे बगर फनपा-११ | २,२८,०००।-(दुई लाख अठ्ठाइस हजार हजार) | रु १००० |

प्रमुख प्रशासकीय अधिकृत